nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

19°C । वर्ष :११, अंक : १५० पृष्ठ ४ । सोमबार १९ माघ २०८२ । MONDAY, FEBRUARY 02, 2026 .nepalpostdaily .com । मुल्य ५ रुपैंया

## नगवामा हजारौंको सहभागितासहित पार्टी प्रवेश गरेको दृश्यले विपक्षी दल आत्तियो : प्रदिप यादव



**बीरगन्ज,१८ माघ ।**

हिजो नगवामा आयोजित भव्य पार्टी प्रवेश कार्यक्रममा हजारौंको संख्यामा स्थानीय युवा, महिला, बुद्धिजीवी तथा सर्वसाधारणले प्रदीप यादवसँगै पार्टी प्रवेश गरेपछि राजनीतिक माहोल तातेको छ। प्रदीप यादवप्रतिको अभूतपूर्व जनसमर्थन देखेर विपक्षी दलहरू आत्तिएको स्वयं यादवले बताएका छन् । कार्यक्रममा देखिएको जनसागर र उत्साहजनक उपस्थितिले प्रदीप यादव क्षेत्रका लोकप्रिय र भरोसायोग्य नेताका रूपमा स्थापित हुँदै गएको स्पष्ट संकेत दिएको थियो । कार्यक्रम शान्तिपूर्ण रूपमा अघि बढिरहेका बेला विपक्षी दलसम्बद्ध केही व्यक्तिहरूले नियोजित रूपमा हल्ला र अवाञ्छित गतिविधि गर्न खोजेको आरोप पनि लागेको छ । प्रदीप यादवले भने, "नगवामा हजारौं नागरिकले खुलेर पार्टी प्रवेश गरेको दृश्य विपक्षी दलका लागि सहन नसक्ने भएको छ । यही कारण कार्यक्रमलाई बदनाम गर्ने प्रयास गरियो । तर जनताको समर्थन र विश्वासले यस्ता हर्कतहरू स्वत: असफल हुनेछन् ।"

यादवका अनुसार, जनताले अब पुरानो राजनीति होइन, परिणाममुखी, जवाफदेही र विकास केन्द्रित नेतृत्व खोजिरहेका छन् । "नगवामा देखिएको समर्थन कुनै आकस्मिक घटना होइन, यो जनताको चेतना र परिवर्तनको चाहनाको परिणाम हो," उनले भने ।कार्यक्रममा सहभागी स्थानीयबासीहरूले प्रदीप यादवलाई इमानदार, जनमुखी र विकासप्रति प्रतिबद्ध नेता भन्दै खुलेर समर्थन जनाएका थिए । शिक्षा, स्वास्थ्य, रोजगारी र पूर्वाधार विकासलाई प्राथमिकतामा राखेर अघि बढ्ने उनको स्पष्ट दृष्टिकोणकै कारण जनताको आकर्षण बढ्दै गएको सहभागीहरूको भनाइ थियो ।

## करिब डेढ लाख नशालु ट्याब्लेटसहित दुई जना पक्राउ



**रौतहट,१८ माघ ।**

भारत-नेपाल सीमामा ठुलो परिमाणमा नशालु औषधि नेपाल भित्र्याउने प्रयास असफल पार्दै भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले दुई जनालाई पक्राउ गरेको छ । उनीहरूको साथबाट करिब डेढ लाख प्रतिबन्धित मनोप्रभावी ट्याब्लेट बरामद भएको छ । एसएसबी ७१ औं बटालियनको 'ए' कम्पनीले अठमोहनस्थित इन्टेलिजेन्स सेटअपबाट प्राप्त विशेष सूचनाका आधारमा पूर्वी चम्पारण, भारतबाट नेपालतर्फ औषधि तस्करी हुन लागेको पत्ता लगाएको थियो । सुरक्षाकर्मीहरूले ढाका-झरोखर मार्गमा उच्च सतर्कता अपनाए । प्रारम्भिक अनुसन्धान अनुसार तस्करहरूले इलेक्ट्रिक अटो रिक्सा प्रयोग गरी औषधि ओसार पसार गर्दै आएका थिए ।शनिबार साँझ करिब ५:३० बजे, भारतर्फको बीपी सीमास्तम्भ नम्बर ३५७/०२ नजिक अमवा गाउँमा शङ्कास्पद अटो रोकेर जाँच गर्दा पाँच कार्टुनमा लुकाइएका ट्रमाडोल ५० एमजी का ४९५ प्याकेट फेला परे। प्रत्येक प्याकेटमा ३०० ट्याब्लेट रहेको र कुल १,४८,५०० ट्याब्लेट बरामद भएको एसएसबीले जनाएको छ । पक्राउ पर्नेहरू तपस कुमार (२२) र गुलशन कुमार (२२) भारत, बिहार राज्य पूर्वी चम्पारण जिल्ला बसतपुर कालोनी, मोतिहारी निवासी हुन्। उनीहरूलाई थप अनुसन्धानका लागि झरोखर प्रहरी चौकीमा बुझाइएको छ। यस्तै, एसएसबी ७१ औं बटालियनको अर्को अपरेसनमा नेपालबाट भारततर्फ २ केजी गाँजा तस्करी भइरहेको अवस्थामा कृष्णा कुमार (२२) नामक युवक पक्राउ परेका छन्। उनी भारत, बिहार पूर्वी चम्पारण जिल्ला मधुबनजितौरा वडा नम्बर १५ का बासिन्दा हुन्। उनलाई महुवावा प्रहरी चौकीमा बुझाएर थप अनुसन्धान भइरहेको छ।

## पर्सा-२ मा नेकपा उम्मेदवार मनोज चौधरीको घरदैलो अभियान



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,१८ माघ ।**

पर्सा निर्वाचन क्षेत्र नम्बर-२ का नेकपा उम्मेदवार मनोज चौधरीले आज वीरगञ्ज महानगरपालिका-१७ अन्तर्गत अलौं र कोन्हिया क्षेत्रमा घरदैलो कार्यक्रम सम्पन्न गरेका छन् । घरदैलो अभियानका क्रममा चौधरीले मतदातासँग प्रत्यक्ष भेटघाट गर्दै स्थानीय समस्याहरू, आवश्यकता र अपेक्षाबारे जानकारी लिएका थिए । उनले कांग्रेस र एमालेको शासनकालमा देश जनधनको क्षतिमा परेको दाबी गर्दै वर्तमान परिस्थितिमा नेकपा एक मात्र विकल्प रहेको बताए ।

चौधरीले नेकपाको नेतृत्वमा मात्र देशले समग्र विकासको गति लिन सक्ने विश्वास व्यक्त गर्दै, जेन्जी पुस्ताको चाहना र आवश्यकताअनुसार काम गर्न सक्ने क्षमता नेकपामै रहेको जिकिर गरे । उनले विद्यार्थी कालदेखि राजनीतिमा सक्रिय रहेको र सधैं जनताको दु:ख-सुखमा साथ दिने उल्लेख गर्दै, निर्वाचन जिते पनि जनताको बीचमै रहेर सेवा गर्ने प्रतिबद्धता व्यक्त गरे । घरदैलो कार्यक्रममा नेकपाका केन्द्रीय सदस्यहरू रामचन्द्र साह, बृजलाल पासवान, विपिन यादव, बिरेन्द्र यादव तथा पार्टी नेता जीवन राम, सुशील हजरा, लालमन वैइबाको उल्लेखनीय सहभागिता रहेको थियो ।

## जनताको चाहनाअनुसार काम गर्ने प्रतिनिधि बन्ने लक्ष्य छ : रास्वपा उम्मेदवार कानु



**बीरगन्ज,१८ माघ ।**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का तर्फबाट पर्सा निर्वाचन क्षेत्र नम्बर-२ को प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार सुशील कुमार कानुले जनताको चाहनाअनुसार काम गर्ने प्रतिनिधि बन्ने आफ्नो लक्ष्य रहेको बताएका छन् । आइतबार बिहान बीरगन्ज महानगरपालिका-२८, बगही क्षेत्रमा आयोजित घरदैलो कार्यक्रममा सहभागी हुँदै उम्मेदवार कानुले स्थानीय मतदातासँग प्रत्यक्ष भेटघाट र संवाद गरेका हुन् । कार्यक्रममा उनले स्थानीयका समस्या, आवश्यकता, अपेक्षा तथा विकाससम्बन्धी चाहनाबारे जानकारी लिँदै जनताको आवाजलाई नीतिगत रूपमा सम्बोधन गर्ने प्रतिबद्धता जनाए । घरदैलोका क्रममा स्थानीयवासीले सडक, खानेपानी, रोजगारी, शिक्षा, स्वास्थ्य सेवा तथा सुशासनका विषयमा आफ्ना गुनासा र सुझाव राखेका थिए । कानुले निर्वाचित भएपछि ती समस्या संसद्मा प्रभावकारी रूपमा उठाउने र समाधानका लागि निरन्तर पहल गर्ने आश्वासन दिए । कार्यक्रममा बोल्दै उम्मेदवार कानुले स्वच्छ र ाजनीति, जवाफदेही नेतृत्व र पार दर्शी शासन प्रणालीमार्फत पर्साको समग्र विकास सम्भव हुने उल्लेख गरे । "जनताको विश्वास नै मेरो सबैभन्दा ठूलो बल हो," उनले भने, "जनताको चाहनाअनुसार काम गर्ने प्रतिनिधि बन्ने मेरो लक्ष्य हो ।" घरदैलो कार्यक्रममा रास्वपाका स्थानीय नेता-कार्यकर्ता, समर्थक तथा सर्वसाधारणको उल्लेखनीय सहभागिता रहेको थियो ।

## आजदेखि सरकारी कार्यालयको समय अपरान्ह ५ बजेसम्म

**काठमाडौं,१८ माघ ।**

देशभरका सरकारी कार्यालय आजदेखि अपरान्ह ५ बजेसम्म खुल्ने भएका छन् ।

यसअघि जाडो समयमा कार्यालयको सेवा समय बिहान १० बजेदेखि अपरान्ह ४ बजेसम्म सञ्चालन हुँदै आएको थियो । तर, शहीद दिवसको अवकाश र शनिबार परेको कारणले, सरकारले आज आइतबार १८ माघदेखि कार्यालय समय ५ बजेसम्म लम्ब्याउने निर्णय गरेको हो ।

सरकारका अनुसार यो समय परिवर्तन माघ १५ गतेसम्म लागू हुने छ ।

## रमेश रिजाल योग्य र सक्षम उम्मेदवार, पर्सा-४ मा जित सुनिश्चित छ : नविन सिंह



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,१८ माघ ।**

पर्सा निर्वाचन क्षेत्र नम्बर-४ अन्तर्गत छिपहरमाई गाउँपालिका वडा नम्बर-३ मा नेपाली कांग्रेसको वडा स्तरीय भेला सम्पन्न भएको छ । भेलाले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा पर्सा-४ बाट कांग्रेसका उम्मेदवार पूर्व मन्त्री तथा निवर्तमान सांसद रमेश रिजाललाई विजयी गर ाउने प्रतिबद्धता व्यक्त गरेको छ । भेलालाई सम्बोधन गर्दै नेपाली कांग्रेस पर्साका सह-सचिव नविन सिंहले पर्सा-४ मा कांग्रेस उम्मेदवार रिजालको जित सुनिश्चित रहेको दाबी गरे । उनका अनुसार अन्य उम्मेदवारको तुलनामा रिजाल अनुभवी, योग्य र सक्षम नेता भएकाले जनताको भरोसा उनैमाथि रहेको छ । "हाम्रा उम्मेदवार सधैं क्षेत्रका जनताको सुख-दु:खमा सहभागी हुँदै आउनु भएको छ," सिंहले भने, "अरू जस्तो चुनावको बेला मात्र देखिने होइन, त्यसैले कांग्रेसको जित निश्चित छ ।" भेलाका प्रमुख अतिथि समेत रहेका युवा नेता सिंहले नेता-कार्यकर्तालाई अफवाह र हावाको पछि नलाग्न आग्रह गर्दै आगामी निर्वाचनमा कांग्रेसको कुनै विकल्प नरहेको जिकिर गरे । उनले लोकतन्त्रको स्थापनादेखि सुदृढीकरणसम्म नेपाली कांग्रेसले खेलेको भूमिकाको चर्चा गर्दै पार्टीलाई लोकतन्त्रको पहरेदार को रूपमा प्रस्तुत गरे । भेलामा सहभागी नेता-कार्यकर्ताहरूले एकताबद्ध भएर घरदैलो तथा जनसम्पर्क अभियानलाई तीव्र बनाउने र रमेश रिजालको जित सुनिश्चित गर्न सक्रियतापूर्वक लाग्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

## निर्दोष युवाको हत्या गर्ने दललाई मतदाताले सजाय देऊ : जनमत पार्टी उम्मेदवार सरार्फ

**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,१८ माघ ।**

पर्सा निर्वाचन क्षेत्र नम्बर-१ बाट जनमत पार्टीका उम्मेदवार ओमप्रकाश सरार्फले बीर गन्ज वडा-१८, भवानीपुर, इनर्वा र वडा-२२, जगरनाथपुर क्षेत्रमा घरदैलो, भेटघाट र संवाद कार्यक्रम सम्पन्न गरेका छन् ।

कार्यक्रमको क्रममा सर ार्फले मधेस आन्दोलन र जेन्जी आन्दोलनमा निर्दोष युवाहरूको हत्या गर्ने नेपाली कांग्रेस, एमाले लगायत ठूला दल र उनीहरूका उम्मेदवार हरूलाई मतदाताले बायलेटको माध्यमबाट सजाय दिनुपर्नेमा जोड दिएका छन् । उनले जनताको अदालतमा ती पार्टीहरूलाई बहिष्कार र चेतावनी दिनुपर्ने स्पष्ट पारे ।

सरार्फले देश र मधेसको निकासको उत्कृष्ट विजन केवल जनमत पार्टी र डा. सीके राउतसँग मात्र रहेको उल्लेख गर्दै, हर्न छापमा मतदान गर्न सबैमा अपिल गरेका छन् । कार्यक्रममा पार्टीका नेताहरू र म्भा मिश्रा, भुपेन्द्र साह, डा. मनोज कुमार, सिए देवराज, महादेव शर्मा, निराजन कुशवाहा, सहनवाज राकी, अजित सिह, मन्जय शर्मा, सुमित सिह, नागेन्द्र सिह, अन्जना गुप्ता, नजमा खातुन, अनिता रौनियार लगायतको सहभागीता रहेको थियो ।

## नेपाल पोष्ट डेलीका लागि

| | |
|---|---|
| प्रकाशक | :- नेपाल पोष्ट मिडिया प्रा.लि. |
| सम्पादक | :- मनोज पटेल |
| कार्यकारी सम्पादक | :- संतोष साह |
| सह-सम्पादक | :- सरोज पटेल |
| सम्पर्क कार्यालय | :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल |
| मुद्रक | :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा |

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


# सम्पादकीय

## दूतमार्ग निर्माण प्रगति

राजधानी काठमाडौं उपत्यकालाई तराई-मधेश जोड्न दूतमार्ग धेरै वर्षअघिको आवश्यकता हो । त्रिभुवन राजपथले हेटौंडालाई काठमाडौं जोडेपछि छ दशकअघि राजधानी बाह्य यातायात सञ्जालमा जोडियो । हेटौंडादेखि काठमाडौंको दुरी १८८ किमी छ । यो पहाडी भूभागको कठिन र लामो सडक भयो । पछि काठमाडौं मुग्लिङ हुँदै नारायणगढबाट हेटौंडा जोड्ने राजमार्ग दोहोरो सवारीका निम्ति अलि सहज बन्यो, दुरी झन् लामो भयो । काठमाडौं हेटौंडाको सिधा दुरी ७३ किलोमिटर भए पनि काठमाडौंबाट मुग्लिङ हुँदै हेटौंडा पुग्न २२७ किलोमिटरको घुमाउरो भयो । समय र लागत सबै बढ्ने भयो । पूर्वतिरबाट खुलेको बिपी राजमार्ग पनि साँघुरो र दुरीको हिसाबले लामै छ । आर्थिक दृष्टिकोणले यी राजमार्ग बढी उपयोगी हुन सकेनन् । त्यसैले आपूर्ति व्यवस्था महँगो मात्र भएन, लागत पनि उच्च हुन पुग्यो । त्यसैले राजधानीलाई तराई जोड्ने छोटो र द्रुतमार्गको अपरिहार्यता तीन चार दशकअघि नै थियो । काठमाडौं उपत्यकालाई निजगढसँग जोड्ने द्रुतमार्गले पूरा गर्ने लक्ष्य यतिबेला कार्यान्वयनमा छ । ललितपुरको खोकनादेखि सुरु भई काठमाडौं, मकवानपुर हुँदै बाराको निजगढस्थित पूर्वपश्चिम राजमार्गमा जोडिने दूतमार्ग निर्माणाधीन छ । विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) अनुसार यो मार्गको कुल लम्बाइ ७०.९७७ किमी । सडकको चौडाइ पहाडी क्षेत्रमा २५ मिटर र तराई क्षेत्रमा २७ मिटर रहने छ । द्रुतमार्ग बनेपछि सडक यातायातमा ठुलो क्रान्ति आउने विश्वास छ ।त्यसो त द्रुतमार्ग सुरु हुनै अबेर भयो । निर्माण थाल्न धेरै हिउँदे वर्षा सिंहदरबारभित्रै माथापच्चीमा बित्यो । निर्णय समयमा हुन सकेन । त्यसले आयोजना कार्यान्वयनमा ढिला हुन गयो । अन्योल चिर्दै सरकारले २०७४ वैशाख २१ गते आयोजना निर्माणको जिम्मा नेपाली सेनालाई दियो । त्यसयता अनेक अवरोध छिचोल्दै निर्माणमा प्रगति हुन थाल्यो । ढिला भए पनि आगामी वर्षको चैतमा सक्ने लक्ष्य भए पनि अझै केही अवरोध बाँकी नै छन् । उपत्यकाको प्रस्थानविन्दु खोकना वा अन्यत्र टुङ्गो लगाउन बाँकी नै छ । नेपाली सेनाका अनुसार निर्माणाधीन द्रुतमार्गको ४५.१६ प्रतिशत भौतिक काम अहिले सम्पन्न भएको छ । दुई खर्ब रुपियाँभन्दा बढी लागत रहेको आयोजनाको वित्तीय प्रगति ४५.३३ प्रतिशत पुगेको काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाले स्पष्ट पारेको छ । दुई दिनअघि सञ्चारकर्मीलाई स्थगतगत भ्रमण गराई आयोजना निर्माणको अवस्था सार्वजनिक गरिएको हो । केही दिनअघि प्रधानमन्त्री सुशीला कार्की आयोजनाको स्थलगत अवलोकन गर्न पुग्नुभएको थियो । राष्ट्रिय गौरवको यो आयोजना नेपाली सेनाको व्यवस्थापनमा रहे पनि धेरै काम निर्माण कम्पनीलाई नै प्रतिस्पर्धाका आधारमा जिम्मा दिइएको छ । आयोजनाभित्र सडक, पुल, सुरुङ मार्गको विविधता छ । जटिल भौगोलिक अवस्थासमेतले काम सोचे अनुसार सहज हुन सकेको छैन । आयोजना अन्तर्गत ललितपुरमा नौ, काठमाडौंमा ४.६, मकवानपुरमा ४९.७ र बारामा ७.६ किलोमिटर सडक निर्माण भइरहेको छ । हालसम्म विशेष प्रकृतिका अग्ला १३ स्थानका पुल निर्माण सम्पन्न भइसकेका छन् भने ८५ स्थानमा रहेका पुलको पनि निर्माण कार्य भइरहेको छ । झन्डै ११ किमी सुरुङमार्गमध्ये लेनडाँडा र धेन्द्रेको 'ब्रेक थ्रु' भइसकेको र महादेवटार सुरुङको पनि करिब ७० प्रतिशत काम पूरा भएको जनाइएको छ । मकवानपुरको लेनडाँडा र धेन्द्रेडाँडाको बिचमा रहेको जितपुरखोलामा धरहराभन्दा अग्ला ८२ मिटरका भीमकाय टावर छन् । तिनले यो मार्गको जटिल पूर्वाधारको जटिलतालाई प्रतिविम्बित गर्छ । दक्षिण एसियाकै नमुना विकास पूर्वाधारसमेत भन्न सकिने यो देशकै गौरवको आयोजना हो । यो आयोजनाको कुल लागत बढ्दै गएर दुई खर्ब ११ अर्ब ९३ करोड रुपियाँ पुगेको छ । सुरुमा लागत एक खर्ब ७५ अर्ब रुपियाँ रहेको थियो । समयमा सम्पन्न गर्न नसक्दा समयसँगै लागत पनि बढेको छ । नेपाली सेनाका अनुसार पुस मसान्तसम्म सो आयोजना अन्तर्गत कुल ८२ अर्ब ९७ करोड रुपियाँ खर्च भइसकेको छ । यो आयोजनाको समष्टिगत वित्तीय प्रगतिको ४५.३३ प्रतिशत हो । आयोजनाको ४५ प्रतिशत काम सम्पन्न भएको छ । यो सरकारी लगानी हो । यस्ता आयोजना निजी क्षेत्रले निर्माण गरेर केही वर्ष सञ्चालन गरी लागत र मुनाफा उठाएर फेरि राज्यलाई जिम्मा दिन छन ।

# विकासको एजेन्ट बन्न नखोजुन् अबका सांसद



**इसराफिल गदी**

२३ र २४ भदौको जेन-जी आन्दोलनबाट तत्कालीन सरकार सत्ताच्युत भएपछि २७ भदौमा सुशीला कार्कीको नेतृत्वमा सरकार गठन भएको थियो । लगत्तै प्रतिनिधिसभा विघटन गरियो र २१ फागुनका लागि निर्वाचनको मिति तोकियो । निर्वाचनका लागि उम्मेदवारी दर्तासमेत भइसकेको छ । समग्रमा यतिबेला सिंगै देश निर्वाचनको महाकुम्भमा होमिएको छ । उम्मेदवारले मतदातासँगको भेटघाट सुरु गरिसकेका छन् । पूरा हुन सक्ने वा नसक्ने सपना देखाइरहेका छन् । विकास गर्ने, बाटो बनाउने, पुल बनाउने, आदि इत्यादि वाचा गरिरहेका छन् । यो लेख संसद् र सांसद खासमा के हो/हुन् ? काम, कर्तव्य र अधिकार के हुन्छ ? सांसदले बहन गर्नुपर्ने जिम्मेवारी के हुन्छ ? भन्ने विषयमा केन्द्रित रहेको छ । नेपाल संसदीय शासन प्रणाली अपनाउने मुलुकहरूमध्ये एक हो । नेपालको संविधानको प्रस्तावना र धारा २ ले नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता जनतामा निहित रहेको छ भनेको छ । यसको प्रयोग आवधिक निर्वाचनमार्फत निर्वाचित जनप्रतिनिधिहरूले गर्छन् । हाम्रो राजनीतिक शासन व्यवस्था संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको संघीयतामा आधारित लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था हो । नेपालको संविधानको धारा ८३ ले संघीय व्यवस्थापिकाअन्तर्गत क्रमशः राष्ट्रिय सभा र प्रतिनिधिसभा हुने भनेको छ । राष्ट्रिय सभामा समावेशिताका आधारमा प्रत्येक प्रदेशबाट निर्वाचित ८ जनाका दरले ५६ र नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत ३ जना गरी जम्मा ५९ जना सदस्य हुन्छन् । त्यस्तै, प्रतिनिधिसभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अर्थात् आफूले रोजेको उम्मेदवारलाई प्रत्यक्ष रूपमा मतदाताले मत दिने १६५ जना र समानुपातिक निर्वाचन प्रणाली अर्थात् आफूले मन पराएको पार्टीलाई मत दिएर त्यसमार्फत् ११० निर्वाचित गरिन्छ । यसरी प्रतिनिधिसभामा २७५ जना सदस्य हुन्छन् । यस निर्वाचन प्रणालीलाई मिश्रित निर्वाचन प्रणाली भनिन्छ ।

**संसद्को भूमिका** संसद् जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने एक महत्त्वपूर्ण संस्था हो । शासन प्रणालीमा नीति निर्धारण तथा कानुन निर्माण गर्ने जस्तो महत्त्वपूर्ण कार्यको जिम्मेवारी यसलाई हुन्छ । संसदीय शासन प्रणालीमा प्रतिनिधित्व, पारदर्शिता, पहुँच, उत्तरदायी सरकार र प्रभावकारिता जस्ता विषय नै संसद्को आधारभूत चरित्र हुन् । यी आधारभूत चरित्रलाई सुनिश्चित गर्दै संसदीय अनुगमनअन्तर्गत निम्न महत्त्वपूर्ण कार्य संविधान तथा कानुनले संसद्लाई दिएको छ- क. आवश्यक कानुन तथा नीतिहरू तर्जुमा गर्नु ख. संसद्ले बनाएको कानुनहरूलाई कार्यपालिकाले प्रभावकारी रूपमा लागू गरेको छ वा छैन भनी अनुगमन गर्ने र कानुन कार्यान्वयनका निमित कार्यपालिकालाई उतरदायी बनाउने ग. सरकार बनाउने घ. संवैधानिक निकायलगायतका विभिन्न पदमा प्रभावकारी संसदीय सुनुवाइमार्फत उपयुक्त व्यक्ति उपयुक्त ठाउँ/पदमा नियुक्ति सुनिश्चित गर्ने ङ. नेपालको संविधानले संसद्भित्रका विषयगत समितिहरूमार्फत सरकार र सरकारका विभिन्न निकाय तथा संवैधानिक निकायको क्रियाकलापको अनुगमन तथा जाँच गरी नागरिकप्रति उत्तरदायी बनाउने ।

**सांसदको जिम्मेवारी** प्रतिनिधिसभा सदस्य अर्थात् सांसदहरू नागरिकप्रति जवाफदेही हुनुपर्छ । यो भूमिका विधायिका, सरकारको अनुगमन र जनताको प्रतिनिधित्वमा केन्द्रित हुन्छ । गुणात्मक कानुनको सुनिश्चितताका निमित भूमिका निर्वाह गर्नु सांसदको महत्त्वपूर्ण कार्य हो । यी महत्त्वपूर्ण कार्यअन्तर्गत देहायबमोजिमको जिम्मेवारी संविधान तथा कानुनले तोकेको छ-क. कानुन तथा नीतिहरूको नियमित अध्ययन गर्ने र तिनको आवश्यक परिमार्जन गर्ने ख. नयाँ कानुनको निर्माणका लागि पहल गर्नेग. कानुन संविधानसम्मत छ वा छैन भन्ने निगरानी गर्नेघ. समयसापेक्ष र प्रभावकारी कानुन निर्माण कार्यमा प्रभावकारी रूपमा भूमिका खेल्नेङ. प्रत्यायोजित अधिकारअन्तर्गत सरकारले बनाएका नियम तथा नियमावलीहरू संविधान तथा ऐनसम्मत हुने विषयलाई सुनिश्चित गर्ने च. संसदीय सुनुवाइमार्फत सरकारले न्यायाधीश, राजदूत तथा अन्य संवैधानिक अंगहरूका पदाधिकारीका रूपमा सिफारिस गरेका व्यक्तिहरूको उपयुक्तता परीक्षण गर्ने । अतः सांसदको उक्त भूमिकालाई प्रभावकारी बनाउन विभिन्न संवैधानिक निकायहरूले कानुनले निर्धारण गरेबमोजिमको अधिकारको प्रयोग गरेका छन् वा छैनन्, अधिकारको दुरुपयोग गरेका छन् कि, कानुनको शासन सुनिश्चित भएको छ कि छैन भने यकिन गरी कानुनको शासनलाई प्रभावकारी बनाउन संसदीय अनुगमनको कार्यमा सांसदको अपेक्षाकृत भूमिका हुनुपर्छ । बाटो बनाउने, पुल बनाउने, विकासको काम गर्नेलगायतको काम सांसदको नभई सरकारको हो । संविधान, कानुन, विधिशास्त्रीय मूल्य मान्यताअनुरूप सांसदलाई उपयुक्तबमोजिमको भूमिका र जिम्मेवारी तय गरिएको छ । तर हामीलाई लाग्ला, यिनीहरूको बजेटबाट विकासको काम गर्छन् ।

बाँकी तेश्रो पृष्ठमा⇨

# चुनावबाट "जनताको सेवक" पाइएला ?

**किशोर नेपाल**

चुनाव आउन अब ३२ दिन बाँकी छ । तर, जनताको मनमा चुनाव हुन्छ र ? भन्ने संशय मेटिन सकेको छैन । चुनावका लागि गठित सुशीला कार्की सरकारले समेत चुनावको यकिन प्रत्याभूति दिन सकेको छैन । न त नेपाली समाजका 'गुरु'हरूले नै चुनावका बारे आशाप्रद कुरा बोल्न चाहेका छन् । 'जो आए पनि उस्तै त हो नि' भन्ने कथन धेरैको मुखबाट सुनिन्छ । एक जना पाका नागरिक भन्दै थिए, 'सरकार बलियो भएको भए यो चुनावको आवश्यकता नै पर्ने थिएन ।' नयाँ पुस्ताको आन्दोलनको आडमा भएको हिंसात्मक विद्रोह समन गर्ने र समाधान निकाल्ने लक्ष्यका साथ आएको यो चुनावप्रति तन्नेरी पुस्ताको एउटा पक्ष भने निकै उत्साहित देखिएको छ । उनीहरूको यो उत्साह राजनीतिक हिसाबले सकारात्मक नै देखिन्छ । अरू समाजमा जस्तै हाम्रो समाजमा पनि सामाजिक सञ्जालको प्रभाव बढ्दो छ । बाहिरबाट हेर्दा अहिलेको वातावरणमा चुनावप्रति सर्वसाधारण जनता सकारात्मक देखिएका छन् । जनताको मनमा यो सकारात्मक भाव देखिए पनि 'चुनाव नहुने हो कि ?' भन्ने आशंका हटेको छैन । कतिपय देशमा चुनाव परिणाम आफ्नो पक्षमा नआएपछि झन् ठूला विद्रोह भएका छन् । यो पक्षतिर पक्कै पनि नेपाली सेनाको नेतृत्व वर्ग र अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीको ध्यान गएको हुनुपर्छ ।पछिल्लो हिंसात्मक आन्दोलनपछि कतै पनि, संविधानको प्रसंग उठेको छैन । अपूर्णताहरूलाई संविधानमा जोडेर नेपालका लागि एउटा सक्रिय संवैधानिक पद्धति तयार पार्ने एजेन्डा कसैले पनि बोकेको छैन । रम प्रधानमन्त्री कार्कीबाट विवादास्पद व्यक्तिहरूको सुविधाका लागि विभिन्न न्यायालयका अधीनमा रहेका विवादास्पद मुद्दाहरूको सुगम निकासका लागि 'अनुकूल वातावरण' बनाइदिन महान्यायाधिवक्ताको पदमा 'अनुकूल' पात्रको नियुक्ति भएको छ । त्यस्तो नियुक्तिले आर्थिक अपचलनका गम्भीर मुद्दा खेपिराखेका 'जनप्रिय' उम्मेदवारहरूका लागि 'सत्ता र शक्ति' को बाटो खोले पनि यसले सामान्य नेपाली जनताको पीडा बढाएको छ । नेपाली राजनीति बिचौलियाहरूको प्रभावले घेरिएको छ । राजनीतिक व्यक्तिहरू र बिचौलियाका बीच सम्बन्ध गाढा हुँदै गएको छ । आसन्न निर्वाचन त्यो प्रभावबाट अछुतो रहने त कुरै नगरे भयो । सौभाग्यवश, पछिल्लो हिंसात्मक आन्दोलनपछि कतै पनि, संविधानको प्रसंग उठेको छैन । न त चुनावमा उत्रिएका नेता-कार्यकर्ताले संविधान संशोधनको विषय उठाएका छन्, न त देशका स्वनामधन्य बुद्धिजीवीहरूले नै । हाम्रो संविधानमा रहेका अपूर्णताहरूलाई संविधानमा जोडेर नेपालका लागि एउटा सक्रिय संवैधानिक पद्धति तयार पार्ने एजेन्डा कसैले पनि बोकेको छैन ।

कांग्रेस र एमाले सत्ता-गठबन्धनमा बाँधिएका बेला नेताहरूले संविधान संशोधनको कार्यसूची अघि सारेका थिए । जनताले यो कुरा बिर्सिएका छैनन् । गठबन्धनका निर्माताहरूले वाचा अनुसार, वर्तमान संविधान सुधारेर जनताको अनुकूल बनाउने कुरा बिर्सिएका छन् । भदौ आन्दोलनपछिको समयमा पनि विपरीत ध्रुवमा उभिएका पार्टीहरूले संविधानमा सुधारका कुरा उठाउन चाहेको देखिँदैन । न त आन्दोलनकारीहरूले नै संविधानलाई अनिवार्य सुधारको बाटोमा लानुपर्ने कुरा नै सोचेका छन् । संघीय गणतन्त्रलाई मजबुत बनाउने हो भने संविधानमा संशोधन आवश्यक रहेको छ । तर, अहिले नयाँ र पुराना दुवैतिरका नेताहरूमा संविधान सुधारको क्षमता र आँट देखिएन । आन्दोलनभन्दा केही समयपहिले, देशलाई राजनीतिक अस्थिरताको अवस्थाबाट जोगाउन शेरबहादुर देउवा र केपी शर्मा ओलीका बीच 'विचार-विमर्श' भएको समाचार आएको थियो । विचार-विमर्शका क्रममा दुवै नेता देशलाई 'सुस्थिर' सुशासन दिन दुई ठूला पार्टी कांग्रेस र एमाले मिलेर पालैपालो सरकार चलाउने निर्णयमा पुगेका थिए । तर, त्यो निर्णय व्यावहारिक तहमा आउन सकेन । सरकारमाथि दुई दलको आधिपत्य कायम भएपछि त्यस्ता निर्णय स्खलित हुने नै भए ।

देशमा गणतान्त्रिक परिवर्तनका लागि निर्णायक शक्ति रहेको माओवादी पार्टीका नेता प्रचण्ड सत्ताच्युत भएपछि राजनीतिक दलहरूका बीच अस्वाभाविक रूपले तिक्तता बढ्यो । देशको अवस्था कुनै पनि हिसाबले अनुकूल थिएन । प्रतिकूलताका बीचमा पनि जनताले आशा गरेका थिए, कांग्रेस र एमाले जस्ता दुई ठूला पार्टी मिलेर सरकार सञ्चालन गरेपछि देशको आर्थिक अवस्थामा केही न केही सुधार त अवश्य आउला । तर, त्यस्तो केही भएन । भदौको हिंसात्मक आन्दोलनलाई यही पृष्ठभूमिमा हेर्नुपर्छ । कांग्रेस-एमाले सरकारले न त अर्थतन्त्रलाई सुधारको बाटोमा लग्न सक्यो, न त भ्रष्टाचारका विरुद्ध प्रभावकारी कदम नै चाल्न सक्यो । सरकारका गृहमन्त्री नै विवादमा तानिए भने अरू मन्त्रीहरू पनि भ्रष्टाचारका लज्जाजनक आरोपमा मुछिए । ओली सरकारका कतिपय मन्त्री र कांग्रेस-एमालेका कतिपय सांसद भ्रष्टाचारको आरोपमा गिजोलिए । पछिल्लो समयमा त अख्तियार दुरुपयोग निवारण आयोगका प्रमुख आयुक्तमाथि समेत अदालतले औंला उठायो ।

ओली नेतृत्वको सरकारको एक वर्षको अवधिमा देशको राजनीति सर्वाधिक चञ्चल र अस्थिर मोडमा पुग्यो । यो अस्थिरताको मूल कारण सरकार सञ्चालन गर्ने राजनीतिक दलका नेताहरूको गतिहीन र असक्षम नेतृत्व हो भन्न अलिकति पनि हिचकिचाउनु पर्दैन । ठूला हुन् वा साना, प्रत्येक दलका नेताहरू कुनै न कुनै भ्रष्टाचारमा मुछिएकै छन् । देशमा प्रतिदिन विविध समस्याहरू थुप्रिँदै छन् । तर, समाधानको चासो न त कांग्रेस सभापति देउवाले राखेका छन्, न त एमाले अध्यक्ष ओली नै

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## इरानका सात सहरमा विस्फोट, पाँचको मृत्यु, १४ जना घाइते



**काठमाडौं,१८ माघ ।**
इरानका विभिन्न सातवटा सहरमा विस्फोट भएको छ । अन्तर्राष्ट्रिय सञ्चार माध्यममा प्रकाशित विभिन्न रिपोर्ट्स अनुसार शनिबार राजधानी तेहरान, परन्द, तबरीज, कोम, अहवाज, नंताज र बंदर अब्बासमा विस्फोट भएका हुन् । टर्कीएको न्यूज एजेन्सी अनादोलुका अनुसार विस्फोटमा कम्तिमा पाँच जनाको मृत्यु भएको छ भने १४ जना घाइते भएका छन् । तर इरानी सरकारका तर्फबाट विस्फोटबारे कुनै जानकारी दिइएको छैन । सीएनएनको रिपोर्ट अनुसार एक अमेरिकी अधिकारीले उक्त विस्फोटहरु अमेरिकी सेनाको कुनै कारबाहीसँग सम्बन्धित नरहेको उल्लेख छ । एक इजरायली अधिकारीले पनि इजरायलको यस घटनासँग कुनै सम्बन्ध नरहेको बताएका छन् । इरानी समाचार एजेन्सी तसनीमले सामाजिक सञ्जालमा चलिरहेका यस्ता खबरहरु आधिकारिक नभएको बताएको छ । अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरुमा भने उक्त विस्फोटहरु इस्लामिक रिभोल्युशनरी गार्डको नौसेना कमान्डरलाई निशाना बनाएर गरिएको उल्लेख छन् । सरकारी अखबार तेहरान टाइम्सका अनुसार अहवाजमा एक सरकारी संरचनामा ग्यास विस्फोट भएको थियो । जसमा चार जना मारिएका छन् । यता बंदर अब्बासमा एक भवनमा विस्फोट हुँदा दुई तले भवन भत्किँदा कैयौं पसलहरु ध्वस्त भएको र १४ जना घाइते भएको उल्लेख छ । सरकारी टेलिभिजनमा प्रशारित तस्बिहरुमा भवनको अगाडिको भाग भत्किएको देख्न सकिन्छ । बंदर अब्बासको उद्दार विभागका अधिकारीले इरानी समाचार एजेन्सी आईआरएनलाई दिएको जानकारीमा घाइतेहरुलाई आकस्मिक सेवामार्फत अस्पताल पुऱ्याइएको उल्लेख छ । **३५ दिनदेखि सरकारविरुद्ध प्रदर्शन**
इरानको अवस्था तनावपूर्ण रहेका बेला भएका यी विस्फोटले अन्तर ाष्ट्रिय समाचार संस्थाहरुको ध्यान खिचेको छ । गत डिसेम्बर २८ देखि यहाँ सरकारविरुद्ध प्रदर्शन जारी छ । एक इरानी अधिकारीले रोयटर्ससँग कुरा गर्दै प्रदर्शनमा कम्तिमा ५ हजार मानिस मारिएको बताएका छन् । जसमा ५ सय भन्दा बढी सुरक्षाकर्मी पनि रहेका छन् ।
यता हालै अमेरिकाले बढ्दो तनावका बीच यस क्षेत्रमा एक एयरक्राफ्ट क्यारियर तैनाथ गरेको छ । यसबाहेक अमेरिकाको जासुसी ड्रोन फारसको खाडीमा उड्दै गरेको देखिएको थियो । केही दिनअघि अमेरिकाको सैन्य विमान पी-८ पोसाइडनले इरानी एयरस्पेसमा उडान भरिसकेको थियो ।इरानका राष्ट्रपति मसुद पजेशकियानले अमेरिका, इजरायल र युरोका नेताहरु इरानको आर्थिक समस्याबाट फाइदा उठाइरहेको प्रतिक्रिया दिएका छन् । इरानमा अशान्ति फैलाएर देश विभाजनको कोशिस भइरहेको पनि उनको आरोप छ । यसैबीच इरानका सेना प्रमुख अमीर हातमीले अमेरिका र इजरायलको आक्रमणलाई लिएर चेतावनी दिएका छन् । उनले खाडी क्षेत्रमा अमेरिकाको भारी सैन्य तैनाथीपछि इरानी सेना सतर्क रहेको बताएका छन् । सरकारी समाचार एजेन्सी आईआरएनएका अनुसार अमीर हातमीले सत्रुले कुनै गल्ती गर्नेबित्तिकै आफ्नो सुरक्षाका लागि सम्पूर्ण शक्ति लगाउने चेतावनी दिएका छन् ।

## इजरायली आक्रमणमा परी गाजामा २८ जनाको मृत्यु



**काठमाडौं,१८ माघ ।**
गाजामा शनिबार इजरायलका तर्फबाट गरिएको हवाई आक्रमणमा परी कम्तिमा २८ जनाको मृत्यु भएको छ । गाजाको स्थानीय प्रशासनले यसबारे जानकारी दिएको छ । हमासद्वारा सञ्चालित सिभिल डिफेन्स एजेन्सीका अनुसार मर्नेहरुमा महिला र बालबालिका पनि रहेका छन् । खान युनुसको दक्षिणी क्षेत्रमा विस्थापित मानिसहरुको शिविरमा हेलिकप्टरबाट आक्रमण गरिएको एजेन्सीले बताएको छ । इजरायली सेनाले शुक्रबार हमासले शान्ति सम्झौता उल्लंघन गरेपछि आक्रमण गरिएको जानकारी दिएको छ । इजरायल र हमासबीच सन् २०२३ अक्टुबर ७ देखि संघर्ष सुरु भएको थियो । हमासले त्यसबेला इजरायलमा आक्रमण गर्दा १२ सय जना मारिएका थिए भने २५१ जनालाई अपहरण गरी बन्ध बनाइएको थियो । हमासद्वारा सञ्चालित स्वास्थ्य विभागका अनुसार त्यसयता इजरायलका तर्फबाट चलाइएको सैन्य अभियानका क्रममा ७१ हजारभन्दा धेरैको मृत्यु भएको छ ।

## भारतको बजेट : औद्योगिक विकासमा जोड, बायोफर्मामा १० हजार करोड लगानी गरिने



**काठमाडौं,१८ माघ ।**
भारतले औद्योगिक विकासमा ठूलो लगानी गर्ने भएको छ । आइतबार भारतीय अर्थमन्त्री निर्मला सीतारमणले आर्थिक वर्ष २०२६/२७ का लागि बजेट पेस गर्दै सरकारले औद्योगिक विकासलाई प्राथमिकता दिएको बताएकी हुन् । उनले गत वर्ष अगस्ट १५ पछि ३५० भन्दा बढी आर्थिक सुधार गरिएको समेत जानकारी दिइन् । अर्थमन्त्री सीतारमणले बजेट वक्तव्यका क्रममा भनिन्, 'आर्थिक विकासलाई तीव्र बनाउनका लागि मैले ६ क्षेत्रमा सुधारको प्रस्ताव गर्दछु । सात रणनीतिक क्षेत्रमा उत्पादन बढाउने, पुराना औद्योगिक क्षेत्रलाई पुनः नयाँ बनाउने, च्याम्पियन एसएमई बनाउने, इन्फ्रालाई बढावा दिने, लामो समयका लागि सुरक्षा तथा स्थिरता सुनिश्चित गर्ने र सहरी आर्थिक क्षेत्रको विकास गर्ने ।'
अर्थमन्त्री सीतारमणले आर्थिक वर्ष ०२६/२७ का लागि आगामी ५ वर्षमा बायोफर्मामा १० हजार करोड रुपैयाँ लगानी गरिनेछ । त्यस्तै 'रेयर अर्थ' अर्थात् पृथ्वीमा रहेका दुर्लभ खनिजका लागि पनि सरकारले विशेष लगानी गर्ने भएको छ । ओडिशा, केरल, आन्ध्र प्रदेश र तमिलनाडुलाई समेटेर रेयर अर्थ म्याग्नेट करिडोर बनाइने छ । इलेक्ट्रोनिक्स कम्पोनेन्ट्स म्यानुफ्याक्चरिङका लागि ४० हजार करोड रुपैयाँको प्रस्ताव गरिएको छ ।

## विकासको एजेन्ट.....

तर त्यो संविधानबमोजिमको काम, कर्तव्य, अधिकार होइन । कहिले संसदीय विकास कोष, कहिले निर्वाचन विकास कोष, कहिले स्थानीय विकास साझेदारी कार्यक्रम, कहिले निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम जस्ता नाममा बजेट वितरण गरिन्छ । आर्थिक वर्ष २०८०/८१ को बजेटमा छुट् याएको प्रतिसांसद पाँच करोड रुपैयाँका विषयमा सर्वोच्चले केही खास जनप्रतिनिधिहरूको वैयक्तिक तजबिजमा खर्च गर्नु योजनाबद्ध विकासको अवधारणा र सुशासनको मान्यताअनुकूल नहुने व्याख्या गर्दै रोक लगाएको थियो । विगतको संसद् अनुभवलाई हेर्दा संसद् स्वयं र प्रायः सांसदहरूले उल्लेखित भूमिका प्रभावकारी रूपमा निर्वाह गर्न सकेको देखिँदैन । तसर्थ सांसदलाई संसदीय विकास कोषको रकम खर्च गर्न दिनु उचित छैन । बरु सांसदले देशलाई आवश्यक अनेकौं ऐन समयमै निर्माण गर्नुपर्छ । तीनै तहका सरकारलाई काम गर्ने वातावरण निर्माण गर्न तथा नागरिकको आधिकार सुनिश्चित गर्न कानुनी संरचना उपलब्ध गराउनुपर्छ । यो नै अबको संसद्ले खेल्नुपर्ने भूमिका हो । अबका सांसदले संसदीय विकास कोषको असंवैधानिक अधिकार खोज्नुभन्दा संविधान अधीनस्थ रहेर आफ्नो भूमिकालाई कसरी मजबुत बनाउन सकिन्छ भने दिशातिर केन्द्रित हुनुपर्छ । यस्तै कामलाई नै मतदाताको मन जित्ने बलियो र उपयुक्त आधार बनाउन सक्नुपर्छ ।साभार ईकान्तिपुर ।

## चुनावबाट "जनता..........

सुधारका लागि सक्षम देखिए । यो पनि उत्तिकै सत्य हो : कांग्रेस र एमालेमार्फत राजनीतिमा लागेका मानिसहरू निर्लज्जतापूर्वक आफ्नो संकुचित स्वार्थ पूरा गर्न लागे । जनतालाई आत्मनिर्भर बनाउनभन्दा परजीवी र पंगु बनाउन सरकार र यसका एजेन्सीहरू उद्यत रहेको स्पष्ट देखियो । देशको एक मात्र अन्तर्राष्ट्रिय विमानस्थल अवैध ढंगले मानव निर्यात गर्ने दलालहरूको सट्टाबजार बन्यो । उमेरले पाका, परिपक्व र इमानदार देखिने कतिपय दलका नेताहरू धन आर्जनको लोभमा लिप्त भए । सबभन्दा ठूलो कुरा, संघीय लोकतान्त्रिक गणतन्त्रको नेतृत्व तहमा रहेका नेताहरूमा विकासको सपना देख्ने हैसियत नै देख्न पाइएन । एमाले र कांग्रेसको साझा सरकारले देशको आर्थिक विकासका दिगो नीति बनाउन सकेन । सबभन्दा पुरानो मानिने तथा लोकतान्त्रिक विचारको संवाहक भनेर चिनिने राजनीतिक दल नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी (एमाले) र गणतन्त्र स्थापनाको मुख्य कारकका रूपमा चिनिएको नेपाल कम्युनिस्ट पार्टी (माओवादी) र अन्य साना-ठूला गणतन्त्रवादी राजनीतिक दलहरूका बीच कुनै कटाक्ष देखिएन । ती सबै सत्ताको स्वाद लिनमा नै लिप्त भए । लोकतान्त्रिक गणतन्त्रको प्रारम्भले देश विकासका लागि आवश्यक राजनीतिक समन्वय गर्ला भन्ने चाहना सबैमा थियो । तर, देशका यी तीनवटै मुख्य दल संगठनात्मक हिसाबले निरंकुश देखिए । जो व्यक्ति केन्द्रीय नेतृत्वको सभापति वा अध्यक्ष बन्यो, त्यो नै दलको सर्वेसर्वा बन्ने अधिनायकवादी प्रवृत्तिले सबै दललाई गाँज्यो । यो प्रवृत्ति केन्द्रीय तहका दलहरूमा मात्र होइन, प्रादेशिक र स्थानीय तहसम्म फैलियो । गणतन्त्रका हिमायतीका रूपमा स्थापित मधेशका दलहरूमा त यो प्रवृत्ति अत्यधिक मौलायो ।साभार ईकान्तिपुर ।

## रेशम चौधरीको..........

नाममा कारण देखाऊ आदेश जारी गर्दै अन्तरिम आदेशबारे छलफलका लागि बोलाएको थियो । त्यसपछि माघ १५ गते न्यायाधीश बालकृष्ण ढकाल र नृपध्वज निरौलाको इजलासमा पेसी तोकिए पनि विपक्षीको जवाफ पेस नभएपछि अघिल्लो आदेशलाई निरन्तर ता दिइएको थियो । टीकापुर घटनासम्बन्धी मुद्दामा चौधरीले सर कारको सिफारिसमा राष्ट्रपतिबाट आममाफी पाएका थिए । तर प्रतिनिधि सभा निर्वाचन ऐनअनुसार जन्मकैदको सजाय पाएको व्यक्ति निर्वाचनमा उम्मेदवार बन्न नपाउने व्यवस्था छ ।

**नेपाल पोष्ट डेली ई -पेपरका लागि स्क्यान गर्नुहोस्**

# स्वास्थ्य

## आईभीएफबाट जन्माइएका शिशु कति स्वस्थ हुन्छन् ?



निःसन्तान दम्पतीका लागि 'बरदान' भनिंदै आइएको छ, आईभीएफ (कृत्रिम गर्भाधान) प्रविधिलाई । हुनपनि कति दम्पतीलाई यसले सन्तान सुख दिलाएको छ । यद्यपि यस विधिमाथि पनि कतिपय संशय भने बाँकी नै छ । यसमध्ये एउटा संशय हो, के आईभीएफ विधिबाट जन्मिएका शिशुको स्वास्थ्य प्राकृतिक ढंगले जन्मिएको शिशुको जस्तै तगडा हुन्छ ? शारीरिक र मानसिक रुपमा उनीहरु तन्दुरुस्त हुन्छन् ?
**के हो आईभीएफ र प्राकृतिक गर्भधारण ?** आईभीएफ र प्राकृतिक गर्भधारण दुवैको प्रक्रियामा पुरुषको शुक्रकीट र महिलाको डिम्ब निषेचन गराइन्छ । प्राकृतिक प्रक्रियामा शारीरिक सम्बन्ध भएपछि शुक्रकीट र डिम्बको मिलन डिम्बवाहिनी नलीमा हुने गर्छ । जबकि आईभीएफ अर्थात् इन-भिट्रो फर्टिलाइजेसनमा कृत्रिम तरिकाले निषेचन गरिन्छ । निषेचन प्रक्रिया एक विशेष किसिमको प्रयोगशालामा हुने गर्छ । जसमा महिलाको डिम्ब र पुरुषको शुक्रकीटको निषेचन गरेर भ्रूणको विकास गरिन्छ । प्राकृतिक गर्भाधानमा डिम्बवाहिनी नलीमा निषेचन भएको भ्रूण प्राकृतिक रुपमा पाठेघरमा गएर बस्छ । अर्कोतर्फ, प्रयोगशालामा तयार पारेको निषेचित डिम्बलाई कृत्रिम रूपमा विशेष खालको पाइप (क्याथेटर)बाट पाठेघरमा राख्ने गरिन्छ । त्यसपछि निषेचित डिम्बबाट भ्रूणको वृद्धि विकास हुन्छ भने शिशु जन्माउने प्रक्रिया प्राकृतिक प्रक्रिया जस्तै हुन्छ । **जोखिम कति हुन्छ ?**
यत्तिकै बच्चा हेरेर प्राकृतिक रुपमा गर्भधारण गरेर जन्मिएको बच्चा हो वा आईभीएफ प्रक्रियाबाट जन्माएको बच्चा छुट्याउन असम्भव हुन्छ, थाहा पाउन सकिंदैन । तर पनि आईभीएफ प्रक्रियाबाट जन्माएको बच्चा उच्च जोखिममा हुन्छ । जस्तै बच्चा महिना नपुग्दै जन्मिने, कम तौलको जन्मिने र कहिलेकाहीं कम तौल भएकै कारण शिशुको मृत्यु समेत हुनसक्ने सम्भावना हुन्छ । आईभीएफका बच्चामा जन्मजात न्युरोलोजिकल विकार अर्थात् दिमाग र नसाको समस्या हुनसक्छ । साथै बच्चाहरुमा शारीरिक र मानसिक वृद्धि विकासमा समस्या, अपांगता हुने, अटिज्म तथा अन्य मानसिक समस्याको जोखिम हुन्छ । **अनुसन्धानले के भन्छ ?**
आईभीएफबाट गर्भाधारण गरेका गर्भवती महिला र शिशुको स्वास्थ्य अवस्था अत्याधिक जोखिमपूर्ण हुन्छ । यसो भन्दैमा प्राकृतिक रुपमा जन्मिने बच्चामा जोखिम नै नहुने होइन । प्राकृतिक रुपमा गर्भाधारण गरेर जन्माएको शिशुमा पनि स्वास्थ्य समस्या हुनसक्छ ।
विभिन्न अनुसन्धानले आईभीएफ प्रक्रियाबाट जन्माइने शिशुमा स्वास्थ्यको समस्या वा जोखिमपूर्ण हुनुमा आमाबुवाको प्रजनन् क्षमता र उमेर हुनसक्ने अनुमान गरिएको छ । यसबाहेक विशेषज्ञका अनुसार आईभीएफमा गर्भधारण गराउँदा एकभन्दा बढी निषेचित डिम्ब पाठेघरमा राख्ने गरिन्छ । जसकारण आईभीएफमा जुम्ल्याहा बच्चा जन्मिने सम्भावना बढी हुन्छ । जसकारण बच्चाको स्वास्थ्य समस्या हुने खतरा बढी हुन्छ ।

निर्धारित मापदण्डको पाल्ना गरौ, नक्सा पास गरी निमार्ण कार्य गरौं ।
परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौ,नाद,खुटा आदी नराखौं ।
**करैयामाई गाउँपालिकाकोकार्यालय करैया, बारा**

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

# निर्वाचनका लागि मधेस प्रदेशमा सुरक्षा व्यवस्था कडा, ५० हजारभन्दा बढी परिचालन

**जनकपुर,१८ माघ ।** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गराउन मधेस प्रदेशभरि कडा सुरक्षा व्यवस्था मिलाइएको छ । निर्वाचनलाई लक्षित गर्दै प्रदेशभरि तीन तहको सुरक्षा व्यवस्था लागू गरिएको छ भने अति संवेदनशील मतदानस्थलमा ड्रोन र सीसी क्यामेरामार्फत निगरानी गरिने मधेस प्रदेश प्रहरी कार्यालयले जनाएको छ । प्रदेशका आठ जिल्लामा २ हजार १६० मतदानस्थल र ४ हजार ४७१ मतदान केन्द्र रहेका छन् । तीमध्ये ५७ प्रतिशत मतदान केन्द्र अति संवेदनशील सूचीमा परेका छन् । प्रदेश प्रहरीका अनुसार १ हजार २३७ मतदानस्थल र २ हजार ६१३ मतदान केन्द्र अति संवेदनशील, ७६३ मतदानस्थल र १ हजार ५५४ मतदान केन्द्र संवेदनशील तथा १६० मतदानस्थल र ३०४ मतदान केन्द्र सामान्य श्रेणीमा वर्गीकरण गरिएको छ । **सप्तरीमा सबैभन्दा धेरै अति संवेदनशील मतदानस्थल**सुरक्षाको दृष्टिले सप्तरी जिल्ला सबैभन्दा संवेदनशील देखिएको छ । सप्तरीमा रहेका २९६ मतदानस्थलमध्ये २०९ वटा अति संवेदनशील (रेड जोन) मा राखिएको छ । त्यसैगरी सिरहा १५४, धनुषा १९४, महोत्तरी १६३, सर्लाही १५८, रौतहट १५२ र बारा १५४ मतदानस्थल अति संवेदनशील सूचीमा परेका छन् । प्रदेशभरि ७३ वटा मतदानस्थल संवेदनशील सूचीमा रहेकोमा सर्लाहीमा सबैभन्दा बढी १३१ मतदानस्थल संवेदनशील रहेको प्रहरीको विवरण छ ।

**जोखिम मूल्यांकनका आधारमा सुरक्षा रणनीति** मधेस प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक (डीआईजी) गोविन्द थपलियाका अनुसार मतदाताको चाप, सामाजिक-सांस्कृतिक अवस्था, विगतका घटनाक्रम, भौगोलिक अवस्था र राजनीतिक गतिविधिका आधारमा मतदानस्थलको वर्गीकरण गरिएको हो । खुला सीमा र विगतका घटनाका कारण मधेसमा निर्वाचन सुरक्षामा विशेष सतर्कता अपनाउनुपरेको उनले बताए ।करिब ४६४ किलोमिटर लामो खुला सीमाका कारण अवैध प्रवेश, दोहोरो मतदाताको प्रयास तथा अन्य अवाञ्छित गतिविधि हुन सक्ने जोखिम रहेकाले अति संवेदनशील मतदानस्थलमा सुरक्षा सक्रियता थप बलियो बनाइएको डीआईजी थपलियाले जानकारी दिए । उनका अनुसार निर्वाचन सुरक्षाका लागि १२ हजार ६०० नेपाल प्रहरी र २८ हजार २९५ म्यादी प्रहरी परिचालन गरिनेछ । यससँगै सशस्त्र प्रहरी बल र नेपाली सेनाको समेत सक्रिय सहभागिता रहने उनले बताए ।

**सशस्त्र प्रहरी र सीमा समन्वय**

सशस्त्र प्रहरी बल नेपाल नं. २ छिन्नमस्ता वाहिनी मुख्यालय, बर्दिबासका डीआईजी कृष्ण ढकालका अनुसार प्रदेशका आठै जिल्लामा ४ हजार ३३६ सशस्त्र प्रहरी र २ हजार ८३२ म्यादी प्रहरी तयारी अवस्थामा राखिएका छन् । सशस्त्र प्रहरीले मुख्य निर्वाचन अधिकृत कार्यालय, जिल्ला निर्वाचन कार्यालय, मोबाइल टोली तथा रिजर्भ फोर्समार्फत सुरक्षा व्यवस्था मिलाएको जनाएको छ । धनुषा र महोत्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूका अनुसार यी जिल्लाहरू भारतको बिहार राज्यका मधुवनी र सीतामढी जिल्लासँग करिब ३९ किलोमिटर सीमा जोडिएका छन् । महोत्तरीमा रहेका २९८ मतदानस्थलमध्ये १६३ अति संवेदनशील, ८९ संवेदनशील र बाँकी सामान्य श्रेणीमा छन् । धनुषामा ३२२ मतदानस्थलमध्ये १९४ अति संवेदनशील, १०६ संवेदनशील र २२ सामान्य श्रेणीमा राखिएको धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले जानकारी दिए ।

# पर्सा-४ को निर्वाचन बहुपक्षीय भिडन्त: पुराना अनुभव र नयाँ अनुहारबीच रोमाञ्चक प्रतिस्पर्धा




**बीरगन्ज,१८ माघ ।** २१ गते फागुनमा हुन लागेको प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा पर्सा क्षेत्र नम्बर-४ मा राजनीतिक गतिविधि तीव्र रुपमा बढेको छ । उम्मेदवारहरू कार्यकर्ता र मतदाता भेटघाट,घरदैलो तथा संवाद कार्यक्रममा व्यस्त छन् । पर्सा-४ मा करिब ९५ हजार मतदाता रहेको बताइन्छ । विगतमा यो क्षेत्रमा वामपन्थी र नेपाली कांग्रेसबीच कडा प्रतिस्पर्धा भएको थियो । तर यसपटक बहुपक्षीय प्रतिस्पर्धाको संकेत देखिएको छ । पुराना अनुभव भएका नेतासँगै नयाँ पुस्ताका उम्मेदवार मैदानमा आएका छन्, जसले निर्वाचनलाई अझ रोचक बनाएको छ। **नेपाली काङ्ग्रेसको तर्फबाट रमेश रिजाल** नेपाली कांग्रेसले यसपटक नि अनुभवी र पाका नेता रमेश रिजाललाई उम्मेदवार बनाएको छ । रिजाल २०४८ सालदेखि राजनीति गर्दै आएका छन् र २०७९ को निर्वाचनमा नेकपा एमालेका जालिम मियाँ मन्सुरीलाई पराजित गरेर निर्वाचित भएका थिए । रिजालको राजनीतिक यात्रा लामो छ । जगरनाथपुर गाउँपालिका-५ र धर्मपुर मसिहानीका उनी १४ वर्षको उमेरमा एसएलसी गरेका थिए र वाणिज्यशास्त्रमा स्नातक भए । विद्यार्थी जीवनमै नेविसंघमा सक्रिय बनेका रिजालले २०२६-२०४६ को अवधिमा ३ वर्ष जेल जीवन बिताएका थिए । २०५९ सालमा प्रजातान्त्रिक कांग्रेस गठन हुँदा शेरबहादुर देउवालाई साथ दिएका रिजालले २०७९ मा उद्योग मन्त्रीको जिम्मेवारी पनि सम्हालेका थिए ।

**एमालेले को तर्फबाट जालिम मियाँ मन्सुरी** नेकपा एमालेले पर्सा-४ मा संगठनात्मक बल र अनुशासित कार्यकर्तामाथि निर्भर गर्दै चुनावी मैदानमा उत्रिएको छ । वर्तमान उम्मेदवार जालिम मियाँ मन्सुरी काङ्ग्रेस , मधेसबादी दल र माओवादी हुदै नेकपा एमाले पार्टीसँग जोडिएका नेता हुन् । ७८ वर्षका मन्सुरी राजनीतिमा लामो अनुभव भएका नेता हुन् । उनी २०७४ मा माओवादी केन्द्रबाट जगरनाथपुर गाउँपालिकाको अध्यक्ष बनेका थिए र २०७८ मा एमाले प्रवेश गरी २०७९ मा कांग्रेसका रिजालसँग पराजित भएका थिए । उनको संगठनात्मक सक्रियता कांग्रेसका लागि चुनौती हुनसक्ने बताइन्छ । **नेपाली नेकपा पार्टी को तर्फबाट जयप्रकाश थारु** नेकपा एमाले बाट राजनीति सुरु गरेका जयप्रकाश थारु केही महिना अगाडी मात्रै प्रचण्ड र माधवकुमार नेपाल नेत्रित्तव नेकपा प्रवेश गरेका थिए ।जिराभवानी गाउँपालिका निवासी ६५ वर्षीय जयप्रकाश थारु पर्सामा राजनीतिमा नयाँ अनुहार होइनन् । उनी २०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा एमालेबाट पर्सा-५ बाट पहिलो पटक चुनावी मैदानमा आएका थिए । दोस्रो संविधानसभामा विजयी भएका उनले २०७४ र २०७९ मा प्रदेशसभा सदस्यताका लागि पराजित भए पनि स्थानीय राजनीतिमा स्थापित नेता मानिन्छन् । **रास्वपा बाट टेकबहादुर शाक्य** ठोरी गाउँपालिका ४ का स्थानीय टेकबहादुर शाक्य काङ्ग्रेस पुस्ठभुमी हुदै जसपा का नेता रहेका थिए त्यसपछि तत्कालीन माओवादी केन्द्र प्रवेश गरेर केन्द्रीय सदस्य भएका व्यक्ति हुन् । हाल रास्वपा प्रवेश गरेका उनले सुशासन, प्रतिबद्धता र पुराना दलप्रतिको असन्तुष्टिलाई आफ्नो मुख्य एजेन्डा बनाउँदै युवा र शिक्षित मतदातालाई आकर्षित गर्ने प्रयास गरिरहेका छन् । **जसपाको तर्फबाट कृपासिन्धु चौधरी** जसपा नेपालका उम्मेदवार कृपासिन्धु चौधरीको उम्मेदवारीले कांग्रेसको मत संरचनामा केही असर पर्ने अनुमान गरिएको छ । चौधरी पूर्वमा कांग्रेसबाट राजनीति सुरु गरेका हुन् र हाल नयाँ पार्टीबाट मैदानमा उत्रिएका छन् । उनी बुद्धिमानी र बौद्धिक छविका नेता मानिन्छन् । **श्रम संस्कृति पाटीबाट बिष्णु लोपचन** हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीले विष्णु लोप्चनलाई उम्मेदवार बनाएको छ । उनी ठोरीका स्थानीय बासिन्दा हुन । यश अघि जसपा पाटीमा लागेका लोप्चन यतिबेला श्रम संस्कृति पाटीमा लागेर प्रतिनिधि सभाको टिकट ल्याएका छन् ।लोप्चन २०७९ मा जनता समाजवादी पार्टी नेपालबाट स्थानीय तहको चुनावमा अध्यक्ष पदमा उम्मेदवार थिए र केही प्रभाव प्रदर्शन गरेका थिए । यसरी पर्सा-४मा पुराना अनुभव भएका नेता र नयाँ अनुहारबीच प्रतिस्पर्धा रहेको छ । कांग्रेस, एमाले,नेकपा जसपा, रास्वपा र श्रम संस्कृति पार्टीका उम्मेदवारहरूले विभिन्न वर्ग र समुदायमा आफ्नो प्रभाव विस्तार गर्न सक्रिय छन् । मतदाता बीच बढ्दो बहुपक्षीय आकर्षणले यस क्षेत्रको चुनावी भिडन्त अझ रोमाञ्चक बनाएको छ ।समीक्षकहरू भन्छन्, “यदि चुनाव केवल कांग्रेस-एमालेबीच सीमित रह्यो भने मन्सुरीको संगठनात्मक बलले रिजाललाई चुनौती दिनेछ ।

# रेशम चौधरीको उम्मेदवारी खारेजीविरुद्ध दायर रिट “हेर्न नभ्याइने”मा

**काठमाडौं,१८ माघ ।** नागरिक उन्मुक्ति पार्टी नेपालका संरक्षक रेशमलाल चौधरीले आफ्नो उम्मेदवारी खारेज गर्ने निर्वाचन अधिकृतको निर्णयविरुद्ध सर्वोच्च अदालतमा दायर गरेको रिट आइतबार ‘हेर्न नभ्याइने’मा परेको छ । वरिष्ठतम न्यायाधीश सपना प्रधान मल्ल र न्यायाधीश अब्दुल अजीज मुसलमानको इजलासमा रिटमाथि सुनुवाइका लागि पेसी तोकिए पनि समय अभावका कारण मुद्दा हेर्न नभ्याइनेमा राखिएको हो । प्रतिनिधि सभा निर्वाचनका लागि कैलाली क्षेत्र नम्बर १ बाट चौधरीले दिएको उम्मेदवारी माघ ८ गते निर्वाचन अधिकृतको कार्यालयले खारेज गरेको थियो । उक्त निर्णय बदर गर्न माग गर्दै चौधरीले माघ ९ गते सर्वोच्च अदालतमा रिट दायर गरेका थिए ।निर्वाचन अधिकृतले दिएको निर्णयमा प्रचलित कानूनअनुसार चौधरीको उम्मेदवारी कायम रहन नसक्ने उल्लेख गरिएको छ । सर्वोच्च अदालतको फैसलाबाट जन्मकैदको सजाय भोगेको व्यक्ति प्रतिनिधि सभा सदस्य निर्वाचन ऐनअनुसार उम्मेदवार बन्न अयोग्य हुने आधार प्रस्तुत गरिएको छ । साथै, राजनीतिक दलको सदस्य हुन अयोग्य ठहर गरिएको निर्वाचन आयोगको अघिल्लो निर्णय र कैद माफी पाए पनि सजाय कायम रहेको अवस्थालाई समेत उम्मेदवारी खारेजीको कारण बनाइएको छ । यसअघि माघ ११ गते प्रारम्भिक सुनुवाइमा न्यायाधीश बालकृष्ण ढकालको इजलासले विपक्षीका

बाँकी तेश्रो पृष्ठमा⇨

# एमाले पर्सा-३ बहुदरमाईमा कार्यकर्ता भेटघाट कार्यक्रम सम्पन्न



**वीरगन्ज,१८ माघ ।** नेकपा एमालेको अगुवा भेला तथा कार्यकर्ता भेटघाट कार्यक्रम पर्सा जिल्लाको बहुदरमाई नगरपालिकामा उत्साहपूर्ण रूपमा सम्पन्न भएको छ । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै आयोजित कार्यक्रममा एमालेप्रति जनआकर्षण थप बलियो बन्दै गएको देखिएको छ । नेकपा एमाले बहुदरमाई नगर कमिटी अध्यक्ष प्रमोद कुशवाहाको अध्यक्षता तथा नेकपा एमाले केन्द्रीय कमिटी सदस्य एवं पर्सा जिल्ला इन्चार्ज प्रभु हजराको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा केन्द्रीय सल्लाहकार परिषद सदस्य शिव पटेल, अखिल नेपाल पिछडावर्ग (ओबीसी) महासंघका केन्द्रीय अध्यक्ष तेजप्रकाश नेपाली निषाद, मधेस प्रदेश कमिटी सदस्य तथा बहुदरमाई नगरपालिकाकी नगर उपप्रमुख सुष्मा कुशवाहालगायत प्रदेश, जिल्ला तथा स्थानीय तहका नेता-कार्यकर्ताहरूको सहभागिता रहेको थियो । कार्यक्रममा स्थानीय बुद्धिजीवी, अगुवा नेता तथा सक्रिय कार्यकर्ताहरूको बाक्लो उपस्थिति देखिनु एमालेप्रतिको विश्वास र संगठनको अवस्था बलियो संकेतका रूपमा लिइएको छ । भेलामा वक्ताहरूले नेकपा एमालेको नीति, सिद्धान्त र राष्ट्रवादी अडानलाई घरघरमा पुऱ्याउन आग्रह गर्दै एकताबद्ध रूपमा पार्टीका उम्मेदवारलाई विजयी गराउन कार्यकर्तालाई आह्वान गरेका थिए । मधेसमा एमालेविरुद्ध फैलाइएका भ्रमहरू चिर्दै विकास, सुशासन र राष्ट्रिय स्वाभिमानको पक्षमा उभिनुपर्नेमा जोड दिएका थिए । कार्यक्रमलाई सम्बोधन गर्दै पर्सा निर्वाचन क्षेत्र नम्बर-३ का प्रतिनिधिसभा उम्मेदवार तथा परिवर्तनका संवाहकका रूपमा स्थापित युवा नेता रूपेश कुमार पाण्डेले क्षेत्रको समग्र विकासका लागि आफ्नो स्पष्ट भिजन प्रस्तुत गरेका थिए ।

# प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणालीले मात्र मुलुकमा स्थिर शासन सम्भव : उपेन्द्र यादव



**सप्तरी, १८ माघ ।** जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणालीले मात्र देशमा स्थिर, बलियो र जवाफदेही शासन स्थापित गर्न सक्ने दाबी गरेका छन् । सप्तरी क्षेत्र नम्बर ३ का प्रतिनिधि सभा उम्मेदवार समेत रहेका यादवले आइतबार चुनावी अभियानका क्रममा भने, “बारम्बार सरकार फेरिने, मन्त्री बदलिने र नीति अलपत्र पर्ने अवस्था अब सह्य छैन । देशलाई स्थिर, जवाफदेही र जनउत्तरदायी शासन प्रणालीको खाँचो छ । त्यसका लागि प्रत्यक्ष निर्वाचित राष्ट्रपति प्रणाली अपरिहार्य भइसकेको छ ।” उनले वर्तमान संसदीय प्रणालीमा गठबन्धन सरकारको अस्थिरताले विकास, सुशासन र आर्थिक सुधारमा गम्भीर असर पुऱ्याएको आरोप लगाए । प्रत्यक्ष निर्वाचित राष्ट्रपति प्रणालीमा शक्ति पार्टीको होइन, जनता नै स्रोत हुने हुँदा राष्ट्रपतिको पहिलो उत्तर दायित्व जनताको पक्षमा हुने उनले बताए । यादवले प्रस्तावित प्रणालीमा संसद पूर्ण रूपमा समानुपातिक र समावेशी प्रतिनिधित्वमा आधारित हुने बताए । यसले मधेसी, आदिवासी, दलित, महिला, पिछडिएका क्षेत्र र समुदायको न्यायोचित प्रतिनिधित्व सुनिश्चित गर्ने उनको विश्वास छ । अध्यक्ष यादवले विगतमा दर्जनौं सरकारले एक वर्ष पनि पूरा गर्न नसकेर नीति अलपत्र परेको उदाहरण स्मरण गर्दै भने, “नीति बन्यो, सरकार फेरियो, नीति अलपत्र भयो । यही चक्र दोहोरिँदा जनताले के पाए?”


निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा



निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा